# दर्शन

दर्शन नानु
दर्शन भनेको  के हो बाबा ?

जीवन दर्शन
जीवन भनेको नि ?

संघर्ष हो जीवन
संघर्ष मेरो साथीको नाम हो बाबा
संघर्ष हौसला हो नानु

हौसला रातो हुन्छ हो बाबा ?
हौसला हार्नु हुन्न नानु ।

हार्‍यो भने के हुन्छ ?
संघर्ष हुदैंन
किन चाहियो संघर्ष ?

जीवनको लागि
जीवन त दर्शन हो बाबा
दर्शन नानु, दर्शन...

# असल मान्छे

ठूलो मान्छे न बन्नु है, बन्नु तिमि असल मान्छे
नभए नि तिमि सफल, बन्नु तिमि असल मान्छे ।

आफै गर्नु काम आफ्नो, दोष तिमि न दिनु है
कुराउंदैमा अर्कालाई, बनिंदैन ठूलो मान्छे ।

कमि आफ्नो पहिल्याउनु, न कोट्याउनु दायां बायां
असक्तलाई सघाउनु है, बन्नु तिमि दह्रो मान्छे ।

कुरा गरि ठूला ठूला, कोरा सपना नबांडनु है
भए पनि तिमि नेता, राख्नु मनमा असल मान्छे ।

मूर्ति सरि मन्दिरको, न हुनु है अचेत मान्छे
घण्टि ठूलो बजाउनु, जगाउनलाई असल मान्छे ।

BY- SUMAN